आज मिति २०७८।०५।०७ गतेका दिन राप्ती सोनारी गाउपालिका अध्यक्ष श्री लाहुराम थारुज्यूको अध्यक्षतामा निम्न कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा कार्यपालिकाको वैठक वसी निम्न प्रस्ताव उपर छलफल गरी देहाय वमोजिम निर्णय गरीयो ।

उपस्थिति

| १ | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| २ | श्री लाहुराम थारु | अध्यक्ष | |
| ३ | श्री धनिकुमारी खत्री | उपाध्यक्ष | |
| ४ | श्री चन्द्रवहादुर वली | १ नं वडाध्यक्ष | |
| ५ | श्री मदनकुमार वली | २ नं वडाध्यक्ष | |
| ६ | श्री गंगाराम थारु | ३ नं वडाध्यक्ष | |
| ७ | श्री कान्छा थारु | ४ नं वडाध्यक्ष | |
| ८ | श्री झगरु थारु | ५ नं वडाध्यक्ष | |
| ९ | श्री जनकवहादुर थारु | ६ नं वडाध्यक्ष | |
| १० | श्री रालखन थारु | ७ नं वडाध्यक्ष | |
| ११ | श्री खुमवहादुर वस्नेत | ८ नं वडाध्यक्ष | |
| १२ | श्री महावीर वली | ९ नं वडाध्यक्ष | |
| १३ | श्री नैनाकुमारी खत्री | कार्यपालिका सदस्य | |
| १४ | श्री मीनाकुमारी विष्ट | कार्यपालिका सदस्य | |
| १५ | श्री लीला नेपाली | कार्यपालिका सदस्य | |
| १६ | श्री दमकला जैसी | कार्यपालिका सदस्य | |
| १७ | श्री पतरी दमाई | कार्यपालिका सदस्य | |
| १८ | श्री देवराज कुमाल | कार्यपालिका सदस्य | |
| १९ | श्री लोकवहादुर शाही | सचिव | |

आमन्त्रित

| सि नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | लोकेन्द्र थापा | [illegible] | |
| २ | | | |

**प्रस्तावहरु**

१ जोताहाको पहिचान र प्रमाणपत्र सम्वन्धमा ।

२ अस्थायी करार सेवामा कर्मचारी भर्नाका लागि विज्ञापन सम्वन्धमा ।

३ साइकल र धारा खरिदका लागि टेन्डर आह्वान सम्वन्धमा ।

४ वजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धमा ।

५ नदीजन्य पदार्थको विक्रीवितरण लागि टेन्डर आह्वान सम्वन्धमा ।

६ वाढीपिडितका लागि राहात वितरण सम्वन्धमा ।

७ खरको छाना सम्वन्धमा ।

८ कोभिड १९ का कारण मृत्यु भएकाहरुलाई राहात सम्वन्धमा ।

९ २०७१ सालको वाढीपिडितलाई राहात रकम वितरण सम्वन्धमा ।

१० सहकारी संस्था अभिलेखिकरण सम्वन्धमा ।

११ DPR तयार सम्वन्धमा ।

१२ कोहलपुर एन टि भि संगको सम्झौता सम्वन्धमा ।

१३ फर्निचर खरिद सम्वन्धमा ।

१४ छुट तलव भत्ता उपलव्ध गराउने सम्वन्धमा ।

१५ आर्थिक सहयोग सम्वन्धमा ।

**निर्णय नं १**

यस पालिका अन्तर्गत ऐलानी जग्गा ओगटी अस्थायीरुपमा वसोवास गरीरहेका भुमिहिन किसानहरुको पहिचान गरी ऐलानी जग्गा र जोताहाको लगत संकलन गरी अभिलेखकरण गर्न कार्यविधि निर्माण गरी कार्यान्वयन गर्न तपसिल वमोजिमको समिति गठन गर्ने ।

१ श्री गंगाराम थारु ... संयोजक

२ श्री यथेष्ट पुन सदस्य

३ अमिन श्री जीवन भण्डारी सदस्य

४ श्री जनार्दन पौडेल सदस्य

५ श्री लोकेन्द्र चन्द सदस्य

**निर्णय नं २**

यस राप्तीसोनारी गाउपालिका र वडा नं ४ मा स्थापित राप्तीसोनारी अस्पतालवाट प्रदान गरिने सेवा सुविधालाई थप प्रभावकारी एव चुस्त दुरुस्त वनाउनका लागि देहायवमोजिम जनशक्ति आवश्यक परेकाले निम्नानुसार अस्थायी दरवन्दी सृजना गरी अस्थायी करार सेवामा जनशक्ति व्यवस्थापन गर्न विज्ञापन गर्ने ।

**तपसिल**

| सि नं | पद | संख्या | कैफियत |
|---|---|---|---|
| १ | HA | २ जना | राप्ती सोनारी अस्पताल |
| २ | Staff Nurse | ३ जना | राप्ती सोनारी अस्पताल |
| ३ | C.M.A | २ जना | राप्ती सोनारी अस्पताल |
| ४ | A.N.M | २ जना | राप्ती सोनारी अस्पताल |
| ५ | Lab Technician | २ जना | राप्ती सोनारी अस्पताल |
| ६ | Radio-grapher | २ जना | राप्ती सोनारी अस्पताल |
| ७ | रिसिपेन्ट | २ जना | राप्ती सोनारी अस्पताल |
| ८ | Sweeper | २ जना | राप्ती सोनारी अस्पताल |
| ९ | सुरक्षा गार्ड | २ जना | राप्ती सोनारी अस्पताल |
| १० | सहलेखापाल | १ जना | राप्ती सोनारी अस्पताल |
| ११ | अहेव | १ जना | सर्पदंश उपचार केन्द्र शम्सेरगंज |

| | | | |
|---|---|---|---|
| | | २ जना | कार्यालय तर्फ |
| १२ | कार्यालय सहयोगी | १ जना | कार्यालय तर्फ |
| १३ | सहायक कम्प्युटर अपरेटर | १ जना | राप्ती सोनारी अस्पताल |
| १४ | मालि | १ जना | |
| १५ | खेलकुद प्रशिक्षक मार्शल आर्टस | | |

**निर्णय नं ३**

आ व ०७८।०७९ को स्वीकृत कार्यक्रम वमोजिम यस पालिका अन्तर्गत सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा अध्ययन सम्पर्ण छात्राहरुलाई साईकल र स्वच्छ खानेपानी पहुच नभएका घर परिवारलाई धारा(ट्युवेल) खरिद गरी वितरण गर्ने कार्यक्रम रहेकाले खरिद प्रक्रिया अगाडि वढाउन वोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

आ व ०७८।०७९ को वजेट तथा कार्यक्रम निर्माण स्वीकृति र प्रमुख प्रशासकिय अधिकृतलाई वजेट कार्यान्वयनका लागि अख्तियारी समेत भैसकेकाले स्वीकृत वजेट तथा कार्यक्रम वमोजिम सवै वडा र विषयगत शाखावाट कार्ययोजना निर्माण गरी कार्यक्रम कार्यान्वयन प्रक्रिया अगाडि वढाउने निर्णय गरियो ।

**निर्णय नं ५**

यस पालिकाको मुख्य आन्तरिक स्रोतको रुपमा रहेको ढुंगा गिटी वालुवाको उत्खनन संकलन तथा विक्री वितरणका लागि यस भन्दा अगाडि IEE भएका स्थान झिझिरी र परुवा खोला वाहेक अन्य खोलाहरुवाट ढुंगा गिटी वालुवाको उत्खनन संकलन तथा विक्रिवितरण गर्न ठेक्का पट्टाका लागि वोलपत्र आह्वान गर्ने निर्णय गरीयो ।

**निर्णय नं ६**

यहि मिति २०७८।०४।३० गतेको अविरल वर्षा र वाढीका कारण यस पालिका निवासी केही व्यक्तिको घरमा क्षेति हुन गएकाले सर्जमिन मुचुल्का क्षेति पुगेको घरको फोटा वडाको सिफारिस सहित निवेदन पेश हुन आएमा प्रति परिवार रु २५०००।० उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ७** सुरक्षित आवास कार्यक्रम अन्तर्गत खरको छाना विस्थापनका लागि फारम सहित आवश्यक कागजातहरु संकलन गरी जिल्ला समन्वय समिति वाँकेमा पठाउने निर्णय गरियो ।

**निर्णय नं ८**

कोभिड १९ को दोस्रो लहरका कारण ज्यान गुमाएकालाई प्रति व्यक्ति रु १०००००।०(एक लाख) राहात स्वरुप उपलव्ध गराउने ।

**निर्णय नं ९**

२०७१ सालको वाढीपिडितहरुलाई राहात रकम उपलव्ध गराउन हेतु आ व ०७८।०७९ को राहात रकम सम्पुर्ण पिडितहरुले उक्त वैकमा खाता खोलेपछि व्यक्तिको खातामा जम्मा हुने गरी तत्कालिन अवस्थामा हिमालयन वैकको खातामा एकमुष्ट जम्मा गरिएकोमा हाल सम्म पनि केहि पिडितहरुले खाता नखोलेका कारण खाता खोली विवरण पेश गरेका व्यक्तिहरुले राहात नपाएकाले खाता नखोलेका व्यक्तिहरुले खाता खोलि पालिमा पेश गर्न अन्तिम पटकका लागि २ दिने सुचना प्रकाशन गर्ने उक्त अवधि भित्र खाता खोलि खाता न पेश नगरेमा खाता खोलि विवरण पेश गर्ने पिडितलाई राहात रकम वितरण गर्ने निर्णय गरियो ।

**निर्णय न १०**

यस पालिका अन्तर्गत गतविगतमा गरिवि निवारण कोष र सामाजिक विकास कोष कार्यक्रम अन्तर्गत अनुदान प्राप्त गरी वचत संकलन र लगानि गरिरहेका समुहहरुको प्रत्येक वडामा पहुच तथा समान रुपमा वितरण हुने गरी उक्त समुहको वर्तमान अवस्थाको अध्ययन गरी सहकारी संस्थाको रुपमा दर्ता गर्न लगाई नियमन गर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

यस पालिका अन्तर्गत विभिन्न वडाका आर्थिक भौगोलिक सामाजिक हिसावले महत्व वोकेका विभिन्न सडक एवं पुलको DPR तयार गर्नु पर्ने भएकाले उक्त सडक तथा पुलहरुलाई अलग अलग २।२ वटा कलष्टरमा राखि दरभाउ पत्र विधिवाट DPR तयार गर्ने । यसै गरी आ व ०७८।०७९ को स्वीकृत कार्यक्रम वमोजिम नियमानुसार वोलपत्र आह्वान गरी निर्माण गर्नु पर्ने सम्पुर्ण आयोजनाहरुको लागत अनुमान तयार गरी विधि र प्रक्रिया अनुसार काम अगाडि वढाउन कार्यापालिको कार्यालयलाई अख्तियार प्रत्योजन गर्ने निर्णय गरियो ।

**निर्णय नं १२**

आ व ०७८।०७९ को स्वीकृत कार्यक्रम अनुसार जनतासंग जनप्रतिनिधि र थारु भाषाको फुलेरा कार्यक्रम एन टि भि वाट उत्पादन र प्रसारणका लागि एन टि भि कोहलपुरसंग सम्झौता गरी तदनुरुप कार्यन्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं १३**

यस पालिका वडा नं ९ शमसेरगंजस्थित डिभिजन वन कार्यालय वाँके अन्तर्गत सव डिभिजन वन कार्यालयवाट फर्निचरको माग भैआएकाले हालका लागि तपसिल वमोजिमको फर्निचर खरिद गरी उपलव्ध गराउने निर्णय गरियो ।

**तपसिलः**

१ टेवुल थान १(एक) २) कुर्चि ठुलो थान १(एक) ३) प्लाष्टिक कुर्चि थान ४(चार) ४)कार्पेट

५) झ्याल र ढोकाका लागि पर्दा

**निर्णय नं १४**

यस राप्तीसोनारी गाउपालिका अन्तर्गत सामुदायिक विद्यालयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको अनुदानमा संचालित विद्यालय नर्सिग कार्यक्रमवाट नियुक्त ५ जना स्टाफ नर्सहरुलाई अन्य कर्मचारी सरह नियमानुसार उपलव्ध हुने महंगि भत्ता, वढ तलव, लुगा भत्ता र चाडवाँड खर्च वापतको रकम उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १५**

यस राप्ती सोनारी गाउपालिका निम्न वमोजिम् वतन भएका निम्न व्यक्तिहरुले निम्नवमोजिम समस्या देखाई आर्थिक सहयोगका लागि आवश्यक कागजात संलग्न राखि पेश हुन आएको निवेदन उपर छलफल हुदाँ निजहरुलाई निम्न वमोजिमको रकम आर्थिक सहयोग स्वरुप उपलव्ध गराउने निर्णय गरीयो ।

तपसिलः

| सि नं | निवेदकको नाम थर | ठेगाना | सहयोगको किसिम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | कल्पना कुमारी पाठक | राप्तीसोनारी ५ | खरको छाना विस्थापनका लागि टिन खरिद | २५०००।० | |
| २ | भिमवहादुर वुढाथोकी | राप्तीसोनारी २ | मोठमा आगलागि | २००००।० | |